स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ८ संख्या : ८ मिति २०८१/११/०६

भाग-२

प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

प्रमाणीकरण मिति : २०८१/११/०५

प्रस्तावना :

जानकी गाउँपालिकामा कृषि क्षेत्रको व्यावसायीकरण मार्फत प्रमुख कृषि जन्य वस्तुहरुको उत्पादकत्व तथा उत्पादन वृद्धि गरी आन्तरिक माग पूर्ति गर्दै आयात प्रतिस्थापन निर्यात प्रवर्द्धन गर्न तथा कृषकहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्दि गरी उत्पादन लागत न्यूनिकरण गर्दै सरकारी अनुदानमा वास्तविक कृषकहरुको पहुँचलाई सुनिश्चित गर्नु पर्ने आवश्यकता महसुस गरी जानकी गाउँपालिकाले नीति तथा कार्यक्रममा कृषि क्षेत्रलाई प्राथमिकता दिईएकोले प्रतिफलमा आधारित प्रोत्साहन अनुदान

वितरण प्रणालीलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न वाञ्छनीय भएकोले, जानकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम 'प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८१' रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यक्रम" भन्नाले विभिन्न कृषिजन्य उपज उत्पादनको प्रतिफलमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम सम्झनु पर्छ । यो शब्दले बजारीकरणमा आधारित अनुदान कार्यक्रमलाई समेत जनाउँदछ ।

(ख) "कृषक" भन्नाले व्यवसायिक रुपमा कृषिजन्य उपज उत्पादन गरी कार्यक्रममा सहभागी हुन इच्छुक व्यक्ति, कृषक समूह, कृषि सहकारी संस्था, कम्पनी तथा फर्म सम्झनु पर्छ ।

(ग) "गाउँपालिका" भन्नाले जानकी गाउँपालिकालाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले जानकी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) "कृषि विकास शाखा" भन्नाले यस गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्छ ।

(छ) "लाभग्राही" भन्नाले कार्यक्रममा आवद्ध भई अनुदान प्राप्त गर्ने वा गरेका कृषक सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठित अनुदान व्यस्थापन तथा प्राविधिक समिति सम्झनु पर्छ ।

(झ) "प्रोत्साहन अनुदान" भन्नाले जानकी गाउँपालिकाको कार्यक्षेत्र भित्र खेती गरी उत्पादनको आधारमा कृषक/कृषक समूह/सहकारी संस्थाहरुले प्राप्त गर्ने अनुदानलाई सम्झनु पर्छ ।

(ञ) "कृषक समूह" भन्नाले नियमानुसार दर्ता भएका कृषक समूहलाई सम्झनु पर्छ ।

(झ) "कृषि सहकारी" भन्नाले नियमानुसार दर्ता भएका कृषि सहकारीलाई सम्झनु पर्छ

CamScanner

परिच्छेद- २

कार्यक्रम सञ्चालन प्रक्रिया

३. अनुदान व्यवस्थापन तथा प्राविधिक समिति: जानकी गाउँपालिकामा देहाय बमोजिम अनुदान व्यवस्थापन तथा प्राविधिक समिति रहनेछ:-

(क) आर्थिक विकास समिति संयोजक - संयोजक

(ख) दलित महिला कार्यपालिका सदस्य - सदस्य

(ग) पशु सेवा शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

(घ) रोजगार शाखा संयोजक वा प्रतिनिधि - सदस्य

(ङ) सहकारी शाखा प्रमुख वा प्रतिनिधि - सदस्य

(च) कृषि विकास शाखा प्रमुख - सदस्य सचिव

४. बैठक सम्बन्धी कार्यविधि : (१) समितिको बैठक संयोजकको अनुमतिले सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ।

(३) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(४) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. समितिको काम कर्तव्य र अधिकार: दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रचलित कानून बमोजिम कार्यक्रम सञ्चालनका लागि क्षेत्र निर्धारण गर्ने तथा आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु निर्धारण गर्ने,

(ख) प्राप्त आवेदनहरुको मूल्यांकन गरी लाभग्राहीहरुको सम्भावित नामावली तयार तथा सार्वजनिक गर्ने,

(ग) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि समन्वय, निरीक्षण तथा अनुगमन गर्ने,

(घ) सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन गाउँपालिकाको कार्यालयमा पेश गर्ने, र

(ङ) कार्यक्रम कार्यान्वयन गर्ने शाखालाई आवश्यक निर्देशन दिने ।

६. कार्यक्रम तर्जुमा र कार्यान्वयन: (१) यो कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले सम्बन्धित शाखाको वार्षिक कार्यक्रममा नै समावेश हुने गरी बजेटको व्यवस्था गर्नेछ ।

(२) दफा ६ को उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाले २१ दिन समयावधि दिई अनुसुचि-१ बमोजिम सार्वजनिक सूचना प्रकाशन गरी कार्यक्रममा सहभागी हुन आवेदन माग गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचना अनुसार कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुले अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित शाखामा आवेदन पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएका आवेदनहरु समितिमा पेश गरी आवश्यक कागजात र विनियोजित बजेटको परिधिमा रहि लाभग्राही छनौट गरिनेछ ।

(५) गाउँपालिकाले उपदफा (४) बमोजिम छनौट भएका लाभग्राहीहरुलाई छनौट भएको जानकारी कार्यालयको सूचना पाटीमा सार्वजनिक गर्नु पर्नेछ ।

(६) दफा (९) को उपदफा (१) बमोजिम आवेदन पेश गरेका लाभग्राहीहरुको अनुसूची-४ बमोजिम बाली कटानी तथा कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित कृषि प्राविधिकले गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(७) लाभग्राहीहरुले बाली कटानी पश्चात अनुदान रकम भुक्तानीका लागि अनुसूची-५ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

(८) उपदफा (४) बमोजिम छनौट भएका कृषकहरुलाई गाउँपालिकाबाट आवश्यकता अनुसार प्राविधिक सहजीकरण तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रम सञ्चालन हुनेछ ।

७. अनुदान रकम: यस कार्यक्रम अन्तर्गत दफा ६ को उपदफा (४) र दफा ९ को उपदफा (१) अनुसारको मापदण्ड पूरा गरी गाउँ कार्यपालिकाले तोकिए बमोजिम अनुसूची-६ बमोजिम कृषकलाई अनुदान रकम प्रदान गरिनेछ ।

परिच्छेद- ३

कार्यक्रमको अनुगमन, मूल्यांकन तथा प्रतिवेदन

८. कार्यक्रमको अनुगमन, मूल्यांकन तथा प्रतिवेदन: (१) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित जानकी गाउँपालिका स्तरीय अनुगमन समितिको हुनेछ ।

(२) सञ्चालित कार्यक्रमको अनुगमन तथा व्यवस्थापन प्राविधिक समितिले जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमन तथा निरीक्षण गरेको प्रतिवेदन जानकी गाउँपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

परिच्छेद ४

कार्यक्रमको मूल्यांकन, जाँचपास र फरफारक

९. कार्यक्रमको प्राविधिक मूल्यांकन, जाँचपास र फरफारक: (१) यस कार्यविधि बमोजिम लाभग्राहीका रुपमा छनौट भई कार्यक्रम सञ्चालन गरेका लाभग्राहीहरुले बाली वस्तुको उत्पादन लिनु भन्दा १ महिना अगावै स्थलगत प्राविधिक अनुगमन तथा बाली कटानी गरी पाउँ भनी अनुसूची-३ बमोजिम गाउँपालिका समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) दफा (७) बमोजिम अनुदान रकम प्रचलित कानून बमोजिम लाभग्राहीको बैंक खातामार्फत भुक्तानी गर्नेछ ।

(३) भुक्तानी तथा आर्थिक विषय सम्बन्धमा यस कार्यविधिमा लेखिएको हकमा यसै बमोजिम र नलेखिएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

परिच्छेद-५

विविध

१०. कार्यक्रम रद्द गर्न सकिने: (१) गाउँपालिकाको प्राविधिक सरसल्लाह तथा सुझावको पालना नगर्ने तथा नेपाल सरकारले अनुमति नदिएका बालीको जातहरुको खेती गरेको खण्डमा लाभग्राहीको सम्झौता रद्द गर्न सकिनेछ तथा सो अवस्थामा गाउँपालिकाले कुनै पनि अनुदान रकम भुक्तानी गर्ने छैन ।

११. लाभग्राहीको अभिलेख: केन्द्रले यस कार्यविधि बमोजिमका लाभग्राहीको अभिलेख अनिवार्य रुपमा राख्ने तथा सार्वजनिक गर्ने व्यवस्था गर्नु पर्नेछ ।

१२. दोहोरोपन नहुने: गाउँपालिकाले कार्यक्रम सञ्चालन भएको स्थानमा कार्यक्रममा दोहोरोपन हुने गरी अनुदान प्रदान गर्नु हुँदैन ।

१३. निर्देशन दिन सक्ने: (१) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश सरकारले गाउँपालिकालाई निर्देशन दिन सक्नेछ ।

CamScanner

१४. प्रचलित कानून बमोजिम हुने: प्रचलित कानूनको सर्वमान्यतामा प्रतिकूल नहुने गरी यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१५. बाधा अड्काउ फुकाउने र संशोधन: (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भइ कार्यान्वयन गर्न बाधा परेमा गाउँपालिकाले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) जानकी गाउँपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

अनुसूची-१

दफा ६ को उपदफा (२) सँग सम्बन्धित

प्रस्तावना पेश गर्ने बारेको सूचनाको ढाँचा

उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन प्रस्तावना पेश गर्ने बारेको सूचना ।

सूचना नं..................

(सूचना प्रकाशित मितिः- ....)

ने.स. ....

जानकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखा, दुर्गौली, कैलालीको आ.व. ....को वार्षिक स्वीकृत उत्पादनमा आधारित .... प्रोत्साहन अनुदान कार्यक्रम संचालन गर्नुपर्ने भएकाले ईच्छुक कृषक/ कृषक समूह/ कृषक सहकारी/ कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र अर्थात् .... गते भित्र तपसिलका कागजातहरु संलग्न राखी " उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८१" को अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित वडा कार्यालयमा इच्छापत्र पेश गर्नहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै म्याद नाघि आएका र रितपूर्वक कागजात नपुगेका निवेदन माथि कुनै पनि कारवाही नगरिने व्यहोरा अनुरोध छ ।

नोटः- १. न्यूनतम .... कठ्ठा क्षेत्रफलमा खेती गर्नु पर्नेछ ।

CamScanner

संलग्न कागजात

१. रु. १० को हुलाक टिकट टाँस भएको निवेदन।

२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

३. चालु आ.व. को मालपोत तिरेको रसिद सहित लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएकोभए सम्झौता पत्रको प्रतिलिपि।

४. कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाको हकमा दर्ता, नविकरण स्थायी लेखा नम्बर र कार्यकारी समितिको निर्णयको प्रतिलिपि।

निवेदक

नाम:

ठेगाना:

फोन नं:

दस्तखत:

अनुसूची-२

दफा ६ को उपदफा (२) सँग सम्बन्धित

आवेदनको ढाँचा

श्रीमान् शाखा प्रमुख ज्यू,
कृषि विकास शाखा,
दुर्गौली, कैलाली।

विषय:- ....कार्यक्रममा समावेश गरी दिनु हुन।

प्रस्तुत विषयमा त्यस कार्यालयबाट आ.व. २०....../......../....... मा ....कार्यक्रममा म/हामी संलग्न भई कार्यालयले तोके बमोजिमको प्राविधिक सरसल्लाहमा .... खेती विस्तार गर्न ईच्छुक भएको हुँदा उक्त कार्यक्रममा समावेश गरी दिनु हुन अनुरोध गर्दछु/ गर्दछौं। साथै सोको लागि आवश्यक कागजातहरु समेत यसै आवेदन साथ पेश गरेको ब्यहोरा अनुरोध छ।

खेती गरिने बालीको नाम :................

खेती गरिने क्षेत्रफल :........................

बालीको जात : ....

संलग्न कागजात
१. रु. १० को हुलाक टिकट टाँस भएको निवेदन ।
२. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
३. चालु आ.व. को मालपोत तिरेको रसिद सहित लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएकोभए सम्झौता पत्रको प्रतिलिपि ।
४. कृषि फर्म/कृषक समूह/कृषि सहकारी संस्थाको हकमा दर्ता, नविकरण स्थायी लेखा नम्बर र कार्यकारी समितिको निर्णयको प्रतिलिपि ।

निवेदक
नामः
ठेगानाः
फोन नं:
दस्तखतः

अनुसूची- ३
दफा ९ को उपदफा (१) सँग सम्बन्धित
स्थलगत प्राविधिक अनुगमन तथा बाली कटानी गरी पाउँ भन्ने निवेदनको ढाँचा

श्रीमान...ज्यू,
....
दुर्गौली, कैलाली ।

विषयः स्थलगत प्राविधिक अनुगमन तथा बाली कटानी गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयको आ.व. २०..../........ को वार्षिक स्वीकृत.................................... कार्यक्रममा छनोट भई सकेको हुनाले मैले .... खेती गरेको जग्गाको स्थलगत प्राविधिक अनुगमन तथा बाली कटानी गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

निवेदक
नामः
ठेगानाः
फोन नं.:

अनुसूची-४

दफा ६ को उपदफा (६) सँग सम्वन्धित

बाली कटानी तथा कार्य सम्पन्न प्रतिवेदनको नमुना

क्र.सं.	विवरण
१.	कृषकको नाम:
२.	ठेगाना:
३.	प्लट नं.
४.	कृषक बर्गिकरण समूह :............
५.	.... खेती गरिएको जग्गाको क्षेत्रफल:....................कठ्ठा
६.	बाली कटानी गरिएको क्षेत्रफल:.................. वर्ग मिटर
७.	बाली कटानी गरिएको क्षेत्रफलको औषत उत्पादन:................ के.जी./ वर्ग मिटर
८.	बाली कटानी गरिएको बालीको औषत चिस्यान मात्रा .... प्रतिशत
९.	जम्मा उत्पादन:...............
१०.	आधारस्तर उत्पादन :...............
११.	अनुदान प्राप्त हुने उत्पादन
१२.	प्रति के.जी. अनुदान रू................
१३.	जम्मा अनुदान रकम रु...............

.... तयार गर्ने

.... सदर गर्ने

.... प्रमाणित गर्ने

अनुसूची- ५
दफा ६ को उपदफा (७) सँग सम्बन्धित
प्रोत्साहन अनुदान रकम भुक्तानी गरी पाउँ भन्ने निवेदनको ढाँचा

श्रीमान..................................ज्यू,

....

दुर्गौली, कैलाली ।

विषयः प्रोत्साहन अनुदान रकम भुक्तानी गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयको आ.व. २०..../........ को वार्षिक स्वीकृत.................................... कार्यक्रममा छनौट भई स्थलगत अनुगमन तथा बाली कटानी भै सकेकोले मलै पाउनु पर्ने प्रोत्साहन अनुदान रकम मेरो .... बैंकको खाता नं.. मा भुक्तानी गरी दिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

निवेदक

नामः

ठेगानाः

फोन नं.:

CS CamScanner

अनुसूची-६
दफा ७ सँग सम्बन्धित
विभिन्न बाली तथा उत्पादनको मापदण्ड र अनुदान रकम

बाली	कृषकको वर्गीकरण	उत्पादनको आधारस्तर	अनुदान रकम	कैफियत
खाद्यान्न बाली (धान, गँहु)	क) साना व्यावसायिक किसान:- १ कट्ठा देखि ३० कट्ठा सम्म	प्रति हेक्टर २००० के.जी. भन्दा बढी उत्पादन गरेमा थप उत्पादनमा	रु. ...... प्रति के.जी.	
	ख) मझौला व्यावसायिक किसान:- ३१ कट्ठा देखि ६० कट्ठा सम्म		रु....... प्रति के.जी.	
	ग) ठुला व्यावसायिक किसान:- ६० कट्ठा भन्दा बढी क्षेत्रफल भएको		रु....... प्रति के.जी.	
खाद्यान्न बाली (मकै)	क) साना व्यावसायिक किसान:- १ कट्ठा देखि ३० कट्ठा सम्म	प्रति हेक्टर २००० के.जी. भन्दा बढी उत्पादन गरेमा थप उत्पादनमा	रु....... प्रति के.जी.	
	ख) मझौला व्यावसायिक किसान:- ३१ कट्ठा देखि ६० कट्ठा सम्म		रु....... प्रति के.जी.	
	ग) ठुला व्यावसायिक किसान:- ६० कट्ठा भन्दा बढी क्षेत्रफल भएको		रु....... प्रति के.जी.	
दलहन बाली	क) साना व्यावसायिक किसान:- १ कट्ठा देखि ३० कट्ठा सम्म	प्रति हेक्टर ४०० के.जी. भन्दा बढी उत्पादन गरेमा थप उत्पादनमा	रु....... प्रति के.जी.	
	ख) मझौला व्यावसायिक किसान:- ३१ कट्ठा देखि ६० कट्ठा सम्म		रु........ प्रति के.जी.	
	ग) ठुला व्यावसायिक किसान:- ६० कट्ठा भन्दा बढी क्षेत्रफल भएको		रु....... प्रति के.जी.	

तेलहन बाली	क) साना व्यावसायिक किसान:- १ कट्ठा देखि ३० कट्ठा सम्म	प्रति हेक्टर ४०० के.जी. भन्दा बढी उत्पादन गरेमा थप उत्पादनमा	रु....... प्रति के.जी.	
	ख) मझौला व्यावसायिक किसान:- ३१ कट्ठा देखि ६० कट्ठा सम्म		रु....... प्रति के.जी.	
	ग) ठुला व्यावसायिक किसान:- ६० कट्ठा भन्दा बढी क्षेत्रफल भएको		रु........ प्रति के.जी.	
खायन आलु	क) साना व्यावसायिक किसान:- १ कट्ठा देखि ३० कट्ठा सम्म	प्रति हेक्टर १५ मे.टन. भन्दा बढी उत्पादन गरेमा थप उत्पादनमा	रु...... प्रति के.जी.	
	ख) मझौला व्यावसायिक किसान:- ३१ कट्ठा देखि ६० कट्ठा सम्म		रु........ प्रति के.जी.	
	ग) ठुला व्यावसायिक किसान:- ६० कट्ठा भन्दा बढी क्षेत्रफल भएको		रु........ प्रति के.जी.	
प्याज	क) साना व्यावसायिक किसान:- १ कट्ठा देखि ३० कट्ठा सम्म	प्रति हेक्टर १० मे.टन. भन्दा बढी उत्पादन गरेमा थप उत्पादनमा	रु........ प्रति के.जी.	
	ख) मझौला व्यावसायिक किसान:- ३१ कट्ठा देखि ६० कट्ठा सम्म		रु......... प्रति के.जी.	
	ग) ठुला व्यावसायिक किसान:- ६० कट्ठा भन्दा बढी क्षेत्रफल भएको		रु........ प्रति के.जी.	

आज्ञाले,
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner